नेपाल सरकार
पर्यटन, वन तथा वातावरण मन्त्रालय
वन निर्देशनालय
# डिभिजन वन कार्यालय मोरङ
कोशी प्रदेश, नेपाल

पत्र संख्या :
चलानी नं.:

मिति :२०८१/०१/०५

## कृषि वन प्रणाली प्रवर्धन कार्यक्रमको प्रास्तावना आव्हान सम्बन्धी सूचना
**(प्रथम पटक प्रकाशित मिति २०८१/०१/०५)**

यस कार्यालयको आ.व. २०८०/०८१ को लागि स्वीकृत **राष्ट्रिय वन विकास तथा व्यवस्थापन कार्यक्रम (संघ शसर्त अनुदान)** अर्न्तगतको **कृषि वन कार्यक्रम** कार्यान्वयनको लागि यस कार्यालयबाट स्विकृत ***कार्यक्रम कार्यान्वियन योजना, ०८०/८१ (यस कार्यालयको वेबसाइट www.dfomorang.gov.np बाट डाउनलोड गर्न सकिनेछ)*** बमोजिमका शर्तहरु पालना गरी कृषि वन प्रणाली प्रवर्द्धन गर्न इच्छुक निजी जग्गा धनी, संघ, संस्था तथा कृषक समूहहरुले तोकिएको ढाँचामा प्रस्ताव सहित दरखास्त आव्हानका लागि यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशन गरेको मितिले १५ दिन (मिति २०८१ ०१ १९ गते) भित्र स्विकृत योजना अनुसारको प्रस्ताव डिभिजन वन कार्यालय, मोरङ्ग, बिराटनगरमा दर्ता गराउनु हुन सम्बन्धित सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । साथै रित नपुगेका र म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु उपर कुनै कारवाही नहुने व्यहोरा समेत जानकारी गराईन्छ ।

| क्र.सं. | आयोजना/क्रियाकलापको विवरण | इकाई | परिमाण | स्वीकृत बजेट रु. (लाखमा) | साझेदारी रकम | प्रस्ताव पेश गर्ने सम्भावितत साझेदारहरु | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | कृषि वन प्रणाली प्रवर्द्धन कार्यक्रम | पटक | १ | १३.३० | प्रस्तावले कम्तीमा १० प्रतिशत रकम साझेदार गर्नु पर्नेछ । साझेदार रकमको भारलाई प्रस्ताव मुल्याङ्कनको मुख्य आधार मानिनेछ | निजी जग्गा धनी संघसस्था कृषक समूहहरु कृषि फर्म कम्पनी उद्यमिहरु | स्विकृत योजनाको अधिनमा रही आवश्यकता अनुसार दुई वा दुई भन्दा बढी प्रस्तावकहरुलाई जिन्सी वा नगद अनुदान उपलब्ध गराउन सकिनेछ । |

१. **पेश गर्नु पर्ने कागजातहरु**
१.१. **निजी जग्गा धनीले पेश गर्नु पर्ने कागजातहरु**

- नेपाली नागरिकताको प्रमाणपत्रको छायाँप्रति,
- जग्गाधनी प्रमाणपूर्जाको छायाँप्रति,
- चालु आ.व. ०८०/८१ मा जग्गाको मालपोत तिरेको रसिदको छायाँप्रति,
- जग्गाको नक्सा,
- स्थानिय तहको सिफारीस पत्र,
- रु. १०।- को हुलाक टिकट टाँस गरेको निवेदन
- कार्यक्रम संचानलनको लागि तोकिएको ढाँचा बमोजिमको प्रस्ताव/५ हेक्टर भन्दा बढी भए कृषि वन कार्यान्वयन योजना (Agroforestry Implementation Plan)

पत्र संख्या :
चलानी नं :

मिति :२०८१/०१/०५

१.२. **संघसंस्था/कृषक समूहहरु/सहकारी संस्था/वन समूह/कृषि फर्म/ कम्पनी/उद्यमिहरुले पेश गर्नु पर्ने कागजातहरु :**

- कार्य समितिको निर्णय प्रतिलिपी,
- PAN वा VAT मा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपी,
- गत आ.व. ०७९/८० को कर चुक्ता गरेको प्रमाणपत्रको प्रतिलिपी,
- कार्यक्रम कार्यान्वयन हुने स्थल (जग्गा) को स्वामित्व देखिने कागजातको (जग्गाधनी प्रमाणपूर्जा) प्रतिलिपी,
- चालु आ.व. ०८०/८१ मा जग्गाको मालपोत तिरेको रसिदको छायाँप्रति,
- जग्गा लिजमा लिएको भए १० बर्षे करारनामा वा सम्झौता पत्र,
- प्रचलित कानुन बमोजिम आधिकारीक निकायमा संघसंस्था/कृषक समूहहरु/कृषि फर्म/ कम्पनी दर्ता एवं नविकरण भएको प्रमाणपत्र,
- गत आ.व. ०७९/८० को लेखा परिक्षण प्रतिवेदन,
- लागत साझेदारी गर्ने प्रतिवद्धता पत्र,
- स्थानिय तहको सिफारीस,
- कार्यक्रम संचानलनको लागि तोकिएको ढाँचा बमोजिमको प्रस्ताव (५ हेक्टर भन्दा बढी भए कृषि वन कार्यान्वयन योजना (Agroforestry Implementation Plan) .
- कार्यविधिमा उल्लेख भएको थप कागजातहरु ।

थप जानकारीको लागि कार्यालय समय भित्र फोन नं. ०२१-४६०४०४ वा मोवाइल नं. ९८५२०७०२५९ मा सम्पर्क गर्नु हुन अनुरोध छ । साथै यस कार्यालयको वेबसाइट **www.dfomorang.koshi.gov.np** बाट कार्यविधि तथा सूचना डाउनलोड गर्न सकिनेछ ।

२. **कृषि वन प्रणाली प्रवर्द्धनका कार्यक्रमको लागि पेश गर्नु पर्ने प्रस्तावनाको ढाँचा**

१. परिचय : (संस्था/निजी कृषकको परिचय, कार्यक्षेत्र, कार्य विषय र अनुभव लेख्ने)
२. कार्यक्रम संचालन हुने जग्गा रहेको ठेगाना, चारकिल्ला, क्षेत्रफल, कि.नं. आदि
३. कार्यक्रम संचालन हुने भूगोल, संरचना, पूर्वाधार-क्षमता आदि विवरणका साथै अवस्थिति झल्किने नक्शा, क्षेत्रफल (सम्भव भए जी.पी.एस.लोकेशन सहित),
४. अन्य निकाय संघसंस्थासंग समन्वय गरी कार्य गरेको गर्ने भए सो को विवरण,
५. कार्यक्रम संचालनमा सरोकारवाला/साझेदारहरु को को छन् ?,
६. कार्यक्रम संचालन एवं व्यवस्थपनका उद्देश्यहरु,
७. कार्यक्रमका विशेषताहरु,
८. कार्यक्रम संचालनका फाइदाहरु (कृषि क्षेत्र, वन क्षेत्र, वातावरणीय क्षेत्र, सामाजिक र आर्थिक लाभाशंहरु आदि),
९. हालसम्मको अनुभव र उपलब्धिहरु,
१०. अपेक्षित उपलब्धिहरु
११. कार्यक्रम संचालन गर्नुको प्रतिवद्धता र विश्वसनियता,
१२. जोखिम न्यनीकरणका उपयाहरु,
१३. प्रस्तावित क्षेत्रको तस्वीरहरु,
१४. आर्थिक प्रस्ताव,
१५. विविध ।

प्रदेश सरकार,
पर्यटन,वन तथा वातावरण मन्त्रालय
वन निर्देशनालय
डिभिजन वन कार्यालय, मोरङ्ग
**सव-डिभिजन वन कार्यालय, विराटनगर**
कोशी प्रदेश, नेपाल

## कृषि वन कार्यक्रम अन्तर्गत निजी जग्गाधनी तथा संघ संस्थाको साझेदारीमा सञ्चालन हुने क्रियाकलापहरुको कार्यान्वयनको लागि

# कार्यक्रम कार्यान्वयन योजना

## AIP(Activities Implimentation Plan)

(२०८०/०८१)

(पर्यटन, वन तथा वातावरण मन्त्रालय , कोशी प्रदेशबाट जारी कार्यक्रम संचालन कार्यान्वयन मार्गदर्शन, २०८० को खण्ड ५ दफा ६३ (प्रतिस्थापन विधेयक अनुसार), वन तथा वातावरण मन्त्रालयको प्रदेशहरुबाट संचालन गरिने संघिय सशर्त अनुदानका कार्यकमहरुको कार्यान्वयन कार्यविधी, २०८० को दफा १.१३ एवं वन तथा वातावरण मन्त्रालय, ववरमहल, काठमाण्डौको नमूना कृषि वन कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७७ सँग सम्वन्धित)



तयार गर्ने

सव-डिभिजन वन कार्यालय विराटनगर
मोरङ

# कार्ययोजनाको सारांश

के गर्ने ?

संघीय सरकारबाट प्राप्त सशर्त अनुदान तर्फ **पर्यटन, वन तथा वातावरण मन्त्रालय, प्रदेश नं. १ बाट** डिभिजन वन कार्यालय, मोरङ्गको चालु आ.व. २०८०/०८१ को लागि स्वीकृत राष्ट्रिय वन विकास तथा व्यवस्थापन कार्यक्रम आयोजना अन्तर्गतको ११ ४ १७ २०९ **कृषि वन कार्यक्रम** निजी क्षेत्र सहकारी सामुदायिक संस्था समेतको लागत साझेदारी र सहकार्यमा कार्यान्वयन गर्नको लागि नियमानुसार वस्तुगत तथा नगद अनुदान समेत कार्यक्रम कार्यान्वयन गर्ने ।

कहाँ गर्ने ?

डिभिजन वन कार्यालय, मोरङ्गको कार्यक्षेत्र मध्ये राजमार्ग दक्षिणको भागलाई पहिलो प्राथमिकतामा राखी उल्लेखित कृयाकलापहरु निर्माण तथा सञ्चालनको लागि प्रस्ताव पेश गर्ने व्यक्ति, व्यवशायिक फर्म/संस्था/कम्पनी सहकारीहरुबाट आव्हान गरिएको प्राप्त प्रस्तावहरु मध्ये, छनौट हुने प्रस्तावमा उल्लेख भए अनुसार यस डिभिजन वन कार्यालयको कार्यक्षेत्र अन्तर्गतको स्थानमा कार्य सञ्चालन गर्ने गराउने ।

कसरी गर्ने ?

प्रदेश सरकार, कोशी प्रदेश, पर्यटन, वन तथा वातावरण मन्त्रालयबाट आ.व. २०८०/०८१ को लागि जारी गरिएको **कार्यक्रम सञ्चालन तथा कार्यान्वयन मार्गदर्शन, २०८० (प्रतस्थापन विधेयक अनुसार), वन तथा वातावरण मन्त्रालयको प्रदेशहरुबाट** संचालन गरिने **संघिय सशर्त** अनुदानका **कार्यकमहरुको कार्यान्वयन कार्यविधी, २०८०** तथा वन तथा वातावरण मन्त्रालय, ववरमहल, काठमाण्डौको मन्त्रीस्तर निर्णयबाट स्वीकृत **नमूना कृषि वन कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७७** लाई आधार मानी राष्ट्रिय दैनिक पत्रिकामा प्रस्ताव आह्वान गरी प्रकाशित सार्वजनिक सूचना बमोजिम पेश भएका प्रस्तावहरु मूल्याङ्कन गरी छनौट भएका व्यक्ति/व्यवशायिक फर्म/संस्था/कम्पनी/सहकारीहरुसंग संघीय र प्रादेशिक सार्वजनिक खरिद र आर्थिक कार्यविधि ऐन तथा नियमावलीहरु सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि र मितव्ययिता सम्बन्धी निर्देशिका, जिल्ला दररेट, स्वीकृत नर्मस तथा सरोकार राख्ने अन्य ऐन नियमहरु बमोजिम संझौता गरी छनौट भएका साझेदारहरु मार्फत कृयाकलापहरु कार्यान्वय गर्ने ।

कहिले गर्ने ?

आ.व. २०८०/०८१ को पूर्ण अवधि भर ।

कस्ले गर्ने ?

डिभिजन वन कार्यालयबाट प्रकाशित सार्वजनिक सूचना बमोजिम पेश भएका प्रस्तावहरु मध्ये तोकिएको कृयाकलाप कार्यान्वयन गर्न रितपूर्वक छनौट भएका व्यक्ति/व्यवशायिक फर्म/संस्था/कम्पनी/सहकारीहरुले डिभिजन वन कार्यालय र अन्य सम्वन्धित सरोकारवाला कृषि पशु विज्ञ/प्राविधिकहरुको प्राविधिक सहयोगमा कार्यान्वयन गर्ने ।

प्रदेश सरकार,
पर्यटन,वन तथा वातावरण मन्त्रालय
वन निर्देशनालय
डिभिजन वन कार्यालय, मोरङ्ग
कोशी प्रदेश, नेपाल

## कृषि वन प्रणाली प्रवर्धन कार्यक्रम अन्तर्गत निजी जग्गाधनी तथा संघ संस्थाको साझेदारीमा सञ्चालन हुने क्रियाकलापहरुको

# कार्यक्रम कार्यान्वयन योजना

# AIP (Activity Implementation Plan)

(आ.व.:२०८०/०८१)

कयाकलापको विवरण

| क.सं. | क्रियाकलाप | वजेट उप-शिर्षक | इकाई | परिमाण | स्वीकृत वजेट(रु.लाख) |
|---|---|---|---|---|---|
| १ | कार्यक्रम: राष्ट्रिय वन विकास तथा व्यवस्थापन कार्यक्रम (संघ सशर्त अनुदान) | | | | |
| ११ ४ १७ २०९ | कृषि वन कार्यक्रम | ३२९९९११२४ पुँजीगत | पटक | १ | २० |

**कार्यक्रम संपन्न हुने मिति** : २०८१ आषाढ १५ गते भित्र ।

## १. पृष्ठभूमी

मोरङ्ग जिल्लाको कुल क्षेत्रफल १,८५,५०० हेक्टर रहेको छ। राष्ट्रिय जनगणना २०७८ बमोजिम यस जिल्लामा कुल जनसंख्या ११,४८,१५६ रहेको छ । देशको संघिय संरचना बमोजिम यस जिल्लामा महानगरपालिका संख्या १, नगरपालिका ८ र गाउपालिका संख्या ८ गरी जम्मा १७ वटा स्थानियतहहरु रहेका छन् ।

जिल्लाको कूल भू-भाग मध्ये ४५,५४० हेक्टर अर्थात २५ प्रतिशत वन जगल रहेको छ । वन व्यवस्थापनको जिम्मेवारीको आधारमा यस जिल्लामा १३४ वटा सामुदायिक वन (२११३५.९६ हे.), ४ वटा साझेदारी वन (७२६२.५८ हे.), १२ वटा धार्मिक वन (४४ हे.) र २ वटा कबुलियति वन (७८.०२ हे.) र बाँकी सरकारद्वारा व्यवस्थित वन (१६०१९.४४ हे.) रहेको छ । कुल वनको ९६ प्रतिशत प्राकृतिक वनक्षेत्र पुर्व–पश्चिम राजमार्गको उत्तर पट्टी रहेको र अधिकाश जनसंख्या राजमार्ग देखि दक्षिणी भेगमा रहेको छ ।

वि.स. २०७४ सालको परिवर्तित संघिय संरचना अनुसार यस जिल्लामा १ डिभिजन वन कार्यालय र १२ सब डिभिजन वन कार्यालय स्थापना भई कामकाज हुँदै आएको छ । वि.सं. २०७४ साल अघि पुर्व–पश्चिम राजमार्गको दक्षिण पट्टिको क्षेत्रमा डिभिजन वन कार्यालयमा खटिँदै आएका वन अधिकृत लगायतका कर्मचारीबाट व्यवस्थापन हुँदै आएको थियो भने परिवर्तित संघिय संरचना बमोजिम पुर्व–पश्चिम राजमार्गको दक्षिण पट्टिको क्षेत्रमा सब डिभिजन वन कार्यालय बिराटनगर र सब डिभिजन वन कार्यालय रंगेली गरी २ वटा सब-डिभिजन वन कार्यालयको स्थापना गरिएको छ । सब-डिभिजन वन कार्यालय बिराटगरको ५ वटा स्थानिय तहहरु (बिराटनगर म.न.पा., बुढिगंगा, कटहरी, जहदा र ग्रामथान गा.पा.) तथा सब डिभिजन वन कार्यालय रंगेलीले ४ वटा स्थानिय तहहरु (धनपालथान गा.पा., रंगेली, सुनबर्षि र रतुवामाइ नगरपालिका) मा कामकाज गर्ने गरी कार्यक्षेत्र तोकिएको छ । सब-डिभिजन वन कार्यालय बिराटनगरको कार्यक्षेत्रमा शुन्य प्रतिशत तथा रंगेलीको कार्यक्षेत्रमा ०.२ प्रतिशत प्राकृतिक वन रहेको छ ।

पुर्व–पश्चिम राजमार्गको उत्तर एवं दक्षिण पट्टीको क्षेत्रमा रहेको वन क्षेत्रको सरक्षण सोहि क्षेत्रमा रहेका १० वटा सब-डिभिजन वन कार्यालयहरुका कर्मचारीहरु, सशस्त्र वन रक्षक, सामुदायिक वन उपभोक्ता समुहहरु, साझेदारी वन समुहका सदस्यहरु लगायतका सरोकारवालाहरु द्वारा गरिँदै आएको छ । पुर्व–पश्चिम राजमार्गको उत्तर पट्टीको क्षेत्रमा वातावरण सन्तुलनको लागि चाहिने आवश्यक ४० प्रतिशत वन क्षेत्र रहेको तथा त्यस क्षेत्रमा बसोबास गर्ने मानिसहरुले काठ, दाउरा, डालेघासको आवश्यकता पूरा गरिरहेका र पर्यापर्यटन बिकास लगायतका वातावरणिय सेवाहरु सहज रुपमा प्राप्त गर्दै आइरहेका छन् । तर पुर्व–पश्चिम राजमार्गको दक्षिण पट्टी मोरङ्गको क्षेत्रमा बसोबास गर्ने बहुसंख्यक मानिसहरुले त्यस्ता वातावरणिय सेवाहरु सहजै प्राप्त गर्न नसकेको र जनसंख्याको तुलनामा वनक्षेत्र शून्य प्राय: रहेको देखिन्छ ।

२. औचित्य :

पुर्व–पश्चिम राजमार्गको दक्षिण पट्टि रहेको अधिकाश जग्गाहरु कृषि कार्यको लागि योग्य जग्गा रहेको छ। कृषि उपजको लागि उपयुक्त उक्त जग्गाहरुमा बिषेश गरी धान, गहुं र मकै जस्ता कृषिवाली र उखु, जुट, दलहन, तेलहन जस्ता नगदे वालीहरु उत्पादन गरेको पाइन्छ। यस जिल्लामा दर्ता रहेको ६५८ वटा निजी वनहरु मध्ये अधिकाश पुर्व–पश्चिम राजमार्गको दक्षिणी भेगमा रहेका छन। यस क्षेत्रमा खेतमा काम गर्न असमर्थ मानिसहरु तथा विदेशिएका मानिसहरुको जग्गामा रुखहरु रोप्ने चलन रहेको पाइएको छ। यद्यपि निजि वनबाट उत्पादित काठ दाउराले यस क्षेत्रको वन पैदावारको मागलाई सम्बोधन गर्न नसकेको अवस्था छ।

व्यवस्थित रुपमा कृषि उपजका साथै काठदाउरा समेत यस क्षेत्रमा भएको जग्गाबाट उत्पादन गर्न सकेमा यस क्षेत्रमा बसोबास गर्ने बहुसंख्यक मानिसहरुको काठ दाउराको मागलाई संबोधन गर्न सकिने, वातावरण सन्तुलनको लागि चाहिने आवश्यक ४० प्रतिशत वन क्षेत्रको ढकाव समेत सन्तुलन गर्न सकिने साथै पर्यापर्यटन विकास लगायतका वातावरणिय सेवाहरु सहज रुपमा उपलब्ध गराउनको लागि एक मात्र उपाय यस क्षेत्रमा वैज्ञानिक तरिकाले कृषि वनको बिकास तथा बिस्तार गर्नु अपरिहार्य देखिन्छ।

३. लक्ष, उद्देश्य तथा प्रस्तावित कृयाकलापहरु

स्थानिय तहहरु सँग समन्वय गरी कृषक दर्ता भएका कृषि फर्म कम्पनी सहकारी आदी स्थानियस्तरका साझेदारहरुसंग समन्वय गरेर निजी संस्थागत सार्वजनिक जमीनको उत्पादकत्वमा सुधार गरी स्थानिय कृषकहरुको आयआर्जनमा सहयोग पुरयाउनुका साथै वनको विकास गरी हरियाली कायम गर्ने कार्यक्रमको मुख्य लक्ष्य रहेको छ। यसका लागि निम्न उद्देश्यहरु निर्धारण गरिएको छ।

(क) स्थानियस्तरमा वन विकासको लागि जनचेतना अभिवृद्धि गर्ने,

(ख) निजी जग्गा/सार्वजनिक जग्गाको उत्पादकत्वमा सुधार ल्याई स्थानिय जनताको आयआर्जनमा वृद्धि गराउन सहयोग पुरयाउने,

(ग) निजी तथा सार्वजनिक जग्गामा वृक्षारोपण गरी हरियाली कायम तथा वातावरण संरक्षण कार्यमा लगानी गर्न स्थानिय वासिन्दा तथा पालिकाहरुलाई अभिप्रेरित गर्ने,

(घ) कृषि-वनको विकास, बिस्तार तथा प्रवर्द्धन गर्ने,

(ङ) कृषि-वन प्रणलीमा काम गर्ने कृषकहरुको क्षमता अभिवृद्धि गर्ने।

उपरोक्त अनुसारको उद्देश्य हासिल गर्न कोशी प्रदेश, पर्यटन, वन तथा वातावरण मन्त्रालयबाट जारी गरिएको **कार्यक्रम सञ्चालन तथा कार्यान्वयन मार्गदर्शन, २०८०** तथा वन तथा वातावरण मन्त्रालय, बबरमहल, काठमाण्डौको मन्त्रीस्तर निर्णयबाट स्वीकृत **नमूना कृषि वन कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७७** लाई आधार मानेर नियमानुसार प्रस्ताव आव्हान गरी निम्न क्रियाकलापहरु कार्यान्वयन गर्न प्रस्ताव गरिएको छ।

- स्थानिय भाषमा पोष्टर/ब्रोसर/ होर्डिङ्ग वोर्ड/एफ.एम. रेडियो/टेलिभिजन मार्फत प्रचार-प्रसार,
- निजी जग्गा/सार्वजनिक जग्गाको उत्पादकत्वमा सुधार ल्याई स्थानिय जनताको आयआर्जनमा टेवा पुग्ने कृयाकलापमा कार्यान्वयनमा सहयोग,
- निजी/सार्वजनिक जग्गामा वृक्षारोपण,
- निजी वन दर्ता प्रकृयामा आवश्यक सहजिकरण
- कृषि वन विकास/बिस्तार तथा प्रवर्द्धन
- विरुवा ढुवानी, व्यवस्थापन र वितरण
- गत विगतमा सार्वजनिक तथा निजी जग्गामा गरिएको वृक्षारोपणको वन सम्वर्धन गर्न आवश्यक वन व्यवस्थापन सामाग्री खरिद गरि वन व्यवस्थापन अभ्यास,
- कार्यक्रम कार्यान्वयनको नियमित अनुगमन।

४. कार्यक्रम कार्यान्वयनको प्रक्रिया :

चालु आर्थिक वर्षको लागि कार्यक्रमहरुको कार्यान्वयन गर्न पर्यटन, वन तथा वातावरण मन्त्रालय, कोशी प्रदेश मन्त्रीस्तरीय निर्णयबाट मिति २०८०।६।१९ मा स्वीकृत) **कार्यक्रम सञ्चाल तथा कार्यान्वयन मार्गदर्शन, २०८०, कार्यक्रम**

सञ्चाल तथा कार्यान्वयन मार्गदर्शन, २०८० (प्रतिस्थापन विधेयक अनुसार), वन तथा वातावरण मन्त्रालयको प्रदेशहरुबाट संचालन गरिने संघिय सशर्त अनुदानका कार्यक्रमहरुको कार्यान्वयन कार्यविधी, २०८०, वन तथा वातावरण मन्त्रालय, बबरमहल, काठमाण्डौको मन्त्रीस्तर निर्णयबाट स्वीकृत नमूना कृषि वन कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७७, प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७५, सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि र मितव्ययिता सम्वन्धि निर्देशिका, २०७५ तथा प्रचलित अन्य ऐन नियमको अधिनमा रही सरोकारवाला व्यक्ती/संस्था/समुह/फर्म/कम्पनीको कम्तीमा १० प्रतिशत लगानी सुनिश्चित गरिनेछ । अनुदान रकम उपलब्ध गराउने सम्बन्धी व्यवशायिक योजना सहितको प्रस्ताव आह्वान गरी सार्वजनिक सूचना प्रकासित गरिनेछ । सुचनाको म्याद भित्र पेश भएका प्रस्तावहरुको उल्लेखित कानूनी प्रावधानको आधारमा निश्चित मापदण्ड र आधारहरु तय गरेर मूल्याङ्कन गरी छनौट गरिनेछ । स्वीकृत बजेट रकमबाट सम्वन्धित कृयाकलापहरु कार्यान्वयन गर्न छनौट भएका व्यक्ती संस्था व्यवशायिक फर्म सहकारी कम्पनी समुहलाइ प्राविधिक सहयोग तथा अनुदानको रुपमा लागत इष्टिमेट अनुसार जिन्सी वा नगद उपलब्ध गराइने छ । कार्यक्रम कार्यान्वयनलाई प्रभावकारी बनाउन विभिन्न तहबाट समय समयमा स्थलगत निरिक्षण र अनुगमन गरिनेछ ।

यसका अतिरिक्त गत विगतमा सहयोग पाएका कृषकहरुको मागलाइ समेत सम्वोधन हुने गरी मल, बीउ, बिरुवा तथा कृषि यन्त्र उपकरणहरु, सिंचाइ व्यवस्थाको  लागि व्यक्तिगत वा सामुहिक रुपमा प्रयोग गर्ने गरी सामाग्री/उपकरण उपलब्ध गराउने तथा सार्वजनिकस्थलमा गत विगतमा भएका वृक्षारोपण स्थलको सुरक्षा र व्यवस्थापन गर्न  गराइने छ ।

## ४.१. कृषि वन विकास तथा विस्तार गर्न अपनाइने तरीकाहरु

खेत, पोखरी, सिमसार लगायतका जग्गाहरुमा अन्तरबाली (Intercropping) को रुपमा तथा आली तथा डिलहरु (Alley Cropping) मा उपयुक्त प्रजातिका बिरुवाहरु रोपण गर्न सकिनेछ ।

माटोको किसिम तथा किसानको उद्देश्य अनुरुप स्थानिय वातावरण सुहाउँदो रुख प्रजाति छनौट गरी अन्तरबालीको रुपमा बिरुवा रोपण गर्ने भएमा बिरुवा देखि बिरुवाको दुरी १० फिट र लाइन देखि लाइनको दुरी १२ फिट तथा आली तथा डिलमा लगाउने भएमा जग्गाको सिमाना देखि २ मिटर भित्र,  बिरुवा देखि बिरुवाको दुरी ८ फिट र लाइन देखि लाइनको दुरी १२ फिट वा उद्देश्य र आवश्यकता बमोजिम दुरी निर्धारण गरी बिरुवा रोपण गर्न सकिनेछ ।

बहुउद्देश्यीय तथा आयआर्जन हुने रुख प्रजाति तथा नदि किनारमा भए किनार कटान रोक्न सक्ने गुण भएको रुख प्रजाति छनौट गरिने छ । अन्तरबाली, घुसुवा बालीको रुपमा गैरकाष्ठ वन पैदावार र जडिबुटी प्रजातिको खेति गर्ने किसान तथा संस्थाहरुलाइ बिशेष प्राथमिकतामा राखि यो कार्यक्रम सञ्चालन गर्नु पर्नेछ । प्रजाति छनौट गर्ने आधारहरु **अनुसूचि- १** मा दिइएको छ ।

## ४.२. कृषक/साझेदार संस्थाहरुलाइ अनुदान उपलब्ध गराउने आधारहरु

बिरुवा रोप्ने सन्दर्भमा बिरुवा देखि बिरुवाको दुरी ८ फिट र लाइन देखि लाइनको दुरी ८ फिट लाई आधार मान्दा १ हेक्टर अर्थात करीव ३० कठ्ठा जग्गामा जम्मा १६०० बिरुवा रोप्न सकिने छ । यस कार्यक्रम मार्फत हुने कृषि-वन विकासको लागि कृषकको खेत/जग्गाको क्षेत्रफल भन्दा रोपण गरिने बिरुवाको संख्याको आधारमा अनुदान रकम उपलब्ध गराईनेछ । प्रति हेक्टर १६०० बिरुवा रोपण गर्दा लाग्ने खर्चको बिस्तृत अनुमानित लागत **अनुसुची-२** मा दिइएको छ । किसानहरुलाई खाल्डो खन्न, बिरुवा ढुवानी गर्न, मलखाद खरिद गर्न, होर्डिङ्ग बोर्ड लगायतका शिर्षकहरुमा अनुदान रकम उपलब्ध गराइनेछ । कुल लागतको कम्तीम १० प्रतिशत रकम निजी जग्गाधनी कृषक/सघ/संस्थाले व्यहोर्नु पर्नेछ । कृषि-वन विकास हुने जग्गाको संरक्षणको लागि घेराबेरा, हेरालु आदिको व्यवस्था स्वयम् कृषक/संस्थाले गर्नुपर्ने छ ।

अनुदान रकम प्राप्त गर्नको लागि कृषक/संस्थाले कम्तीमा ५ कठ्ठा वा २५० वटा बिरुवाहरु रोपण गर्नु पर्नेछ । आयआर्जन हुने प्रजाति जस्तै  टिक, मसला, कदम, पपलस, डलिघांस प्रजाति, कटहर, बडहर, इपिल-इपिल लगायतका प्रजातिहरु, गैरकाष्ठ वन पैदावार तथा जडिबुटी र फलफुल प्रजातिहरु किसान/संस्थाहरुले घुसुवा अन्तरबाली तथा आली डिलमा लगाउन सक्नेछन् ।

५ हेक्टर भन्दा बढी जग्गामा कृषि वन विकास गर्न चाहने किसान/संस्थाहरु एवं जिल्लाको दक्षिणी भेगका कृषकहरुलाई पहिलो प्राथमिकतामा राखिनेछ । वृक्षारोपणको लागि माटो जाँच गराएको वा अनुसन्धान मार्फत सुहाउँदो प्रजातिको खोज र स्थान परिक्षण गरेको किसान/संस्थाहरुलाई विशेष प्राथमिकतामा राखि यो कार्यक्रम कार्यान्वयन गरिनेछ । ५ हेक्टर भन्दा बढी जग्गामा कृषि वन विकास गर्ने कृषक/संस्थाहरुले कृषि वन विकास कार्यान्वयन योजना अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

गत विगतमा सार्वजनिक स्थलहरुमा भएको वृक्षारोपको संरक्षण र व्यवस्थापनको काम प्रचलित नर्मस र स्वीकृत जिल्ला दररेट अनुसार हुनेछ ।

### ४.३. कार्य संचालन तथा व्यवस्थापन

सार्वजनिक-निजी साझेदारी अवधारणा अनुरुप वन तथा वातावरण मन्त्रालय, ववरमहल, काठमाण्डौको मन्त्रीस्तर निर्णयबाट स्वीकृत नमुना कृषि वन कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७७ मा उल्लेख भए बमोजिम जिल्लास्तरमा एक **कार्यक्रम व्यवस्थापन समिति** रहने छ । समितिमा देहाय बमोजिमका सदस्य पदाधिकारीहरु रहने छन् । समितिले प्रस्तावहरुको मूल्याङ्कन, फिल्ड अनुगमन लगायत आवश्यक व्यवस्थापनको काम गर्नेछ । आवश्यक परेमा समितिले विषेश कामको लागि उप-समिति समेत गठन गर्न सक्नेछ ।

क) कार्यक्रम कार्यान्वयन निकायको प्रमुख १ संयोजक

ख) वन सम्बन्धि प्राविधिक १ सदस्य

ग) कृषि तथा पशु सेवा सम्वन्धित प्राविधिक १ सदस्य

घ) खरीद इकाई प्रमुख १ सदस्य

ङ) संयोजकले तोकेको प्राविधिक कर्मचारी १ सदस्य-सचिव

डिभिजनल वन अधिकृत अधिकृतस्तर दर्जा

### ४.४. प्रस्ताव आव्हान गर्ने

गत विगत आर्थिक वर्षमा प्रस्ताव आव्हान भई छनौट भएका साझेदार व्यक्ती/संस्था/व्यवशायिक फर्म/सहकारी/कम्पनी/समुह संग वहुवर्षे संम्झौता गरेको भएमा संम्झौता अनुरुप हुनेछ । यस आ.व.मा गत विगतमा अनुदान पाएका सरोकारवालाहरुलाई दोश्रो प्राथमिकतामा राखिने छ । अतः यस वर्ष नयाँ साझेदार संस्था छनौट गर्ने क्रममा डिभिजनल वन अधिकृतको अध्यक्षतामा रहेको उपरोक्त अनुसारको समितिले गरेको निर्णय अनुसार राष्ट्रिय/स्थानीय पत्रिकामा १५ दिने (आर्थिक प्रशासन नियमावली अनुसार) सार्वजनिक सूचना प्रकाशन गरी मोरङ जिल्लामा कार्यक्रम कार्यान्वयन गर्न गराउनका लागि इच्छुक निजी क्षेत्रका साझेदार छनौटका लागि हरेक व्यवशायिक योजना/प्रस्ताव आह्वान गरिनेछ । प्रस्तावनाको ढाँचा **अनुसूचि-३** मा दिईएको छ ।

### ४.५. प्रस्ताव मूल्याङ्कन

सार्वजनिक सूचनाको म्याद भित्र पेश भएका प्रस्तावहरुको समिति आफै वा आवश्यकता अनुसार उप-समिति बनाई सूचकाङ्क निर्धारण गरी प्राप्त प्रस्तावहरुको मुल्याङ्कन गरी उपयुक्त प्रस्तावको छनौट गरिनेछ ।

### ४.६. प्रस्ताव/व्यवशायिक योजनाको छनौट

स्वीकृत कार्यविधि तथा उपरोक्त बिवरण/मापदण्डको आधारमा पेश हुन आएका प्रस्ताव व्यवशायिक योजनाहरु मध्ये कार्य व्यवस्था समितिले प्रत्येक कृयाकलापको लागि उत्कृष्ट ठहराएका Short Listed प्रस्तावको, प्रस्ताव कार्यान्वयन हुने क्षेत्रको समिति स्वयं वा तोकिएको उप-समितिले स्थलगत अनुगमन गर्नेछ ।

यसरी अनुगमन भएपछि उपयुक्त देखिएको प्रस्ताव छनौट गरी यस कार्यान्वयन योजनामा उल्लेख भए अनुसार वा यस योजनामा अस्पष्ट वा द्विविधा भएका विषयमा प्रचलित सार्वजनिक खरिद ऐन २०६३, सार्वजनिक खरिद नियमावली २०६४, आर्थिक कार्यविधि ऐन २०५५ र आर्थिक कार्यविधि नियमावली, २०६४, जिल्ला दररेट, अर्थ मन्त्रालय र वन तथा भू-संरक्षण मन्त्रालयबाट स्वीकृत नर्मस प्रयोग गर्न सकिनेछ । छनौट गरिएको व्यक्ती संस्था व्यवशायिक

फर्म/सहकारी/कम्पनी/समुहसंग आ.व. २०८०/०८१ को असार ७ गते भित्र कार्य सम्पादन गर्ने गरी सम्झौता गरिनेछ। सम्झौता-पत्रको ढाँचा अनुसूचि-४ बमोजिम हुनेछ।

### ४.७. साझेदारीमा कार्यक्रम सञ्चालन गर्दा पालन गर्नुपर्ने विषयहरु

साझेदारीको अवधारणा अनुरुप कृषि-वन विकास कार्यक्रम सञ्चालन गर्न चाहने साझेदारहरु(कृषक/संस्था) निम्न शर्तहरुको पालना गर्नु पर्नेछ।

(क) कृषक/संस्थाले आफनो जग्गाको लालपुर्जा, स्थानिय तहको सिफारीस, जग्गाको मालपोत तिरेको रसिद, संस्था मार्फत त्रिपक्षीय साझेदारीमा कार्य गर्ने मन्जुरीनामा कबुलनामा आदि लगायतका सम्पूर्ण कागजातहरु सहित सब-डिभिजन वन कार्यालय मार्फत डिभिजन वन कार्यालय, मोरङमा कृषि-वन विकास तथा बिस्तारको लागि निवेदन दिनु पर्नेछ।

(ख) कृषि वन विकास तथा बिस्तार कार्यक्रम किसान/संस्था र डिभिजन वन कार्यालय मोरङ्ग बिराटनगरको साझेदारीमा गर्नु पर्नेछ। किसान/संस्थाले आफुले गर्न चाहेको कृषि वन विकास तथा बिस्तारको क्रियाकलापहरु सहजै बुझ्ने तरिकाले **अनुसुची-३** अनुसारको ढाँचामा प्रस्ताव पेश गर्नु पर्नेछ। ५ हेक्टर भन्दा माथीको जग्गामा गर्ने भए कृषि वन विकास कार्यान्वयन योजना किसान/संस्थाले पेश गर्नु पर्नेछ।

(ग) पेश हुन आएको प्रस्ताव तथा योजनामा आवश्यक हेरफेर गर्न डिभिजन वन कार्यालयले आवश्यक प्राविधिक सल्लाह/सुझाव डिभिजन वन कार्यालय मोरङ्गले दिन सक्नेछ। डिभिजन वन कार्यालय मोरङ्गको वन प्राविधिकको परामर्शमा बिरुवा रोपण कार्य गर्नु पर्नेछ।

(घ) कार्यक्रम सञ्चालनको लागि डिभिजन वन कार्यालय मोरङ्ग र सम्बन्धित किसान/संस्था बिच सम्झौता गर्नुपर्ने छ। सम्झौतामा उल्लेख भएको शर्तहरुलाई पालन गर्नु दुबै पक्षको जिम्मेवारी हुनेछ।

(ङ) किसान/संस्थाले कार्य सम्पन्न गरे पश्चात सम्बन्धित सब डिभिजन वन कार्यालयको जाँचपास प्रतिवेदन र रकम भुक्तानीको सिफारीस पत्र लगायतका सक्कलै बिल भरपाई पेश गरेमा मात्र डिभिजन वन कार्यालयबाट रकम भुक्तानी हुनेछ।

### ५. बिनियोजित रकम बाँडफाँड तथा भुक्तानीको प्रकृया

स्वीकृत कार्यक्रममा बिनियोजित रकम मध्ये कार्यक्रम कार्यान्वयनको लागि आवश्यक न्यूनतम प्रशासनिक खर्च राष्ट्रिय/स्थानियस्तरको दैनिक पत्रिकामा सूचना प्रकाशन, समितिका सदश्य र विज्ञलाई बैठक भत्ता, बैठक सञ्चालन गर्दा आवश्यक मसलन्द र खाजा खर्च, अनुगमनको सिलशिलामा आवश्यक सवारी ईन्धन तथा मर्मत, सञ्चार खर्च आदि [illegible] वा जिन्सी सामाग्री अनुदान स्वरुप छनौट भएका साझेदार व्यक्ति/फर्मलाई उपलब्ध गराईने छ। एक भन्दा बढी साझेदारहरु छनौट भएको अवस्थामा दामासही वा औचित्यको आधारमा अनुदान उपलब्ध गाराईने छ। यसको निक्यौल कार्य व्यवस्था समितिले गर्नेछ। तर कुल लगानीको कम्तीमा १० प्रतिशत रकम साझेदार व्यक्ति वा संस्थाले व्यहोर्ने सुनिश्चितता हुनुपर्ने छ। छनौट भएका साझेदारसंग सम्झौता भएपछि अनुदान स्वरुप भुक्तानी गरिने रकम निम्नानुसार ३ किस्तामा उपलब्ध गराइनेछ।

| | |
|---|---|
| पहिलो किस्ता :- | मूल्याङ्कन समितिले पहिलो पटक अनुगमन (Inspection) गरी भुक्तानी गर्न सिफरिश गरेपछि ३० प्रतिशत। |
| दोश्रो किस्ता :- | कम्तिमा ७५ प्रतिशत कार्य सम्पन्न भएपछि ३० प्रतिशत। |
| तेश्रो किस्ता :- | कार्य सम्पन्न भई समितिको अनुगमन र सम्बन्धित सब-डिभिजन वन कार्यालय प्राविधिकबाट कार्य सम्पन्न प्रतिवेदन प्राप्त भएपछि ४० प्रतिशत वा सम्पूर्ण काम सम्पन्न भए पछि अनुगमन टोलीको सिफारिसको आधारमा नियमानुसार कर कट्टी गरी अन्तिममा एकै पटक भुक्तानी गरिने छ। |

६. अनुगमन

कृयाकलाप कार्यान्वयनको समयमा समिति आफै/समितिले तोकको उप-समितीबाटवाट कम्तीमा पनि २ पटक स्थलगत निरिक्षण र अनुगमन गरिनेछ। पहिलो पटक उपरोक्त कार्यविधि अपनाई पेश हुन आएका योजना प्रस्तावनाहरुको मुल्यांकन गरी उपयुक्त प्रस्तावको छनौटको शिलशिलामा प्रारम्भमा छनौट भएको योजना कार्यान्वयन गरिने प्रस्तावित स्थानको स्थलगत अनुगमन र अन्य आवश्यक कुराहरुको अवलोकन र जाँचबुझ (Inspection) गरिने छ। दोश्रो पटक कार्य प्रगतीको अनुगमन गर्ने सिलसिलामा कामको गुणस्तर र सम्पादनको अवस्थाको जानकारी लिन गरिनेछ। डिभिजन वन कार्यालयबाट आवश्यक्ता अनुसार जुनसुकै समयमा स्थलगत अनुगमन गरिनेछ। साथै संचालित कार्यक्रमको प्रभावकारिता र अनुदान रकम सदुपयोगको अनुगमन गर्न प्रदेश वन मन्त्रालय/वन निर्देशनालयलाई समेत अनुरोध गरिनेछ।

७. विविध

डिभिजन वन कार्यालय मोरङ्ग र कृषक/संस्थाको साझेदारीमा भएको कृषि-वन विकास क्षेत्रमा डिभिजन वन कार्यालय मोरङ्गलाई आवश्यक अनुगमन तथा अनुसन्धान कार्यमा साझेदारले सहयोग गर्नेछ। कार्यक्रमका प्राप्त उपलब्धीहरुलाई मूल्याङ्कन गर्दै आगामी आर्थिक बर्षहरुमा यस कार्यक्रमलाई निरन्तरता दिइने छ।

- व्यवशायिक योजना छनौट भए पछि सम्बन्धित साझेदार व्यक्ति/व्यवशायिक फर्म समुह/संस्थासँग नियमानुसारको द्विपक्षीय सम्झौता गरिनेछ। सम्झौताको ढाँचा अनुसूचि-४ मा रहेको छ।
- सम्झौता गरी काम सुरु भए पछि भए गरेको कामको प्रगति सम्बन्धित साझेदार पक्षले प्रत्येक १५ दिन भित्र सम्बन्धित सब-डिभिजन वन कार्यालय मार्फत डिभिजन वन कार्यायमा बुझाउनु पर्नेछ।
- सम्झौता अनुसार कार्य सम्पादन हुन नसकेको अवस्थामा डिभिजन वन कार्यालयबाट सम्झौता बमोजिमको अनुदान उपलब्ध हुने छैन।
- कार्यविधि बमोजिम गठित समिति/उप-समितिका पदाधिकारीहरु र उक्त समितिमा आमन्त्रण गरिने विज्ञ सदस्यहरुले समेत बैठकमा उपस्थित भए वापत बैठक भत्ता नेपाल प्रदेश सरकारको प्रचलित नियमानुसार पाउने छन।
- अनुगमनको क्रममा दिइएका सुझावहरु (Feedback) सरोकारवालाले कार्यान्वयन गर्नुपर्नेछ।
- स्पष्ट नभएका वा बाझिएका योजना तथा सम्झौतामा उल्लेखित बिषयहरुमा प्रचलित ऐन नियम बमोजिम हुनेछ।

## अनुसूचि-१

### कृषि वन प्रणाली सञ्चालनका लागि प्रजाती छनौट गर्दा ध्यान दिनुपर्ने कुराहरु

क) कृषी तथा फलफूल प्रजातिको हकमा

- निजी जग्गामा खाद्यान्न बाली अन्तर्गत दलहन  तथा तेलहन बाली लगाउन सकिने ।
- मूख्य बालीलाई असर नगर्ने किसिमको बिरुवा वा बाली रोपन गर्ने ।
- सकेसम्म वन्यजन्तुले मन नपराउने खालको फलफुल तथा कृषि बालीका लागि उपयुक्त प्रजाती छनौट गर्ने
- हैसियत बिग्रेको र खाली वन क्षेत्र भित्र रोपनका लागि फलफूल जन्य स्थानिय रुखका प्रजातिहरुलाई प्राथमिकता दिने ।
- निजी वन क्षेत्र भित्र वनको हैसियतमा प्रतिकूल असर नपर्ने गरी बहुबर्षिय नगदेबाली तथा फलफूलका बिरुवाहरु रोपण गर्ने ।

ख) रुख प्रजातिको हकमा

- बहुमुल्य, बहुउपयोगी, छिटो बढ्ने तथा छिटो प्रतिफल दिने ।
- चौडापते तथा पतझड प्रजाती ।
- सहायक बालीलाई असर नगर्ने वा कम असर गर्ने ।
- पात पतिङ्गरहरु चाँडै कुहिने र कम्पोष्ट मलको रुपमा प्रयोग गर्न सकिने ।
- माटोमा नाइट्रोजन स्थापित गर्ने प्रजाती ।

सकेसम्म वन्यजन्तुले मन नपराउने खालको फलफुल तथा कृषि बालीका लागि उपयुक्त प्रजाती छनौट गर्ने

- बाली चक्र छोटो भएको ।
- बजार माग अत्यधिक भएको ।
- कोशे बाली प्रजातिलाई प्राथमिकता दिनु पर्ने ।
- स्थानिय हावापानिमा सजिलै हुर्कन सक्ने ।

ग) घाँस जन्य प्रजातीको हकमा

- पशु चौपायाहरुले रुचाउने ।
- स्थानिय हावापानिमा सजिलै हुर्कन सक्ने ।
- चौडापत तथा पतझड प्रजाती ।
- छिटो तथा धेरै उत्पादन दिन सक्ने ।
- माटोमा नाइट्रोजन स्थापित गर्ने प्रजाती ।
- बजार माग अत्यधिक भएको ।
- बहुबर्षिय बिरुवा ।

o छिटो तथा धेरै उत्पादन दिन सक्ने ।

## अनुसूचि-३
## प्रस्तावनाको ढाँचा

१. परिचय : (संस्था/निजी कृषकको परिचय, कार्यक्षेत्र, कार्य विषय र अनुभव लेख्ने)

२. कार्यक्रम संचालन हुने जग्गा रहेको ठेगाना, चारकिल्ला, क्षेत्रफल, कि.नं. आदि

३. कार्यक्रम संचालन हुने भूगोल, संरचना, पूर्वाधार-क्षमता आदि विवरणका साथै अवस्थिति झल्किने नक्शा, क्षेत्रफल (सम्भव भए जी.पी.एस.लोकेशन सहित)

४. अन्य निकाय संघसंस्थासंग समन्वय गरी कार्य गरेको/गर्ने भए सो को विवरण

५. कार्यक्रम संचालनमा सरोकारवाला/साझेदारहरु को को छन् ?

६. कार्यक्रम संचालन एवं व्यवस्थपनका उद्देश्यहरु

७. कार्यक्रमका विशेषताहरु

८. कार्यक्रम संचालनका फाइदाहरु (कृषि क्षेत्र, वन क्षेत्र, वातावरणीय क्षेत्र, सामाजिक र आर्थिक लाभांशहरु आदि)

९. हालसम्मको अनुभव र उपलब्धिहरु

१०. अपेक्षित उपलब्धिहरु

११. कार्यक्रम संचालन गर्नुको प्रतिवद्धता र विश्वसनियता

१२. जोखिम न्यूनीकरणका उपायहरु

१३. प्रस्तावित क्षेत्रको तस्वीरहरु

१४. आर्थिक प्रस्ताव

१५. विविध

अनुसूचि-४.

## करार संझौताको ढाँचा

**श्री डिभिजन वन कार्यालय, मोरङ्ग र श्री ................................, मोरङ्गको बीचमा निजी साझेदारीमा संञ्चालन हुने कृषि वन प्रणाली प्रवर्धन कार्यक्रम अन्तर्गतको तपसिलमा उल्लेखित क्रियाकलाप कार्यान्वयन गर्न भएको द्विपक्षीय/त्रिपक्षीय**

## संझौता-पत्र

डिभिजन वन कार्यालय, मोरङ्गको चालु आ.व. २०८० ०८१ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार संघीय सरकारद्वारा प्राप्त सशर्त अनुदान तर्फको राष्ट्रिय वन विकास तथा व्यवस्थापन कार्यक्रम अन्तर्गत निजी साझेदारीमा सञ्चालन हुने कृषि वन प्रणाली प्रवर्धन क्रियाकलापहरु कार्यान्वयनको लागि कृषक/संघसस्था/फर्म/कम्पनी/समूहलाई अनुदान प्रदान गर्ने प्रयोजनार्थ प्रदेश सरकार, कोशी प्रदेश, पर्यटन, वन तथा वातावरण मन्त्रालयबाट आ.व. २०८०/०८१ को लागि जारी गरिएको कार्यक्रम सञ्चालन तथा कार्यान्वयन मार्गदर्शन, २०८० तथा वन तथा वातावरण मन्त्रालय, बबरमहल, काठमाण्डौको मन्त्रीस्तर निर्णयबाट स्वीकृत नमुना कृषि वन कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७७ बमोजिम मिति २०८०/ / मा यस कार्यालयबाट प्रकाशित सूचना अनुसार कृषक/संघसंस्था/फर्म/कम्पनी/समूहले यस कार्यालय समक्ष पेश गरेको प्रस्तावका आधारमा यस कार्यालयको मिति ०८०/ / को निर्णयले जम्मा लागत रु. ........................ (अक्षरेपी रु. ................................मात्र) मध्ये डिभिजन वन कार्यालयबाट अनुदान रु. ........................ (अक्षरेपी रु. ....................................................मात्र) हुनेगरी डिभिजन वन कार्यालय, मोरङ्ग (यस पछि प्रथम पक्ष भनिने) र ....................................................................................(यस पछि दोश्रो पक्ष भनिने) बीच तपसिल अनुसारको कार्यक्रम सञ्चालन गर्न निम्नानुसारका सर्तहरुमा मन्जुर गरी यो संझौता गरिएको छ।

| क्र.सं. | क्रियाकलाप | जम्मा लागत | डि.व.का.ले व्यहोर्ने | कृषक/संस्थाले व्यहोर्ने | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | जम्मा | | | | |

१. यो सम्झौता पत्र प्रथम र दोश्रो पक्षवीच माथि उल्लेखित कार्यक्रम कार्यान्वयन गर्ने कार्यको लागि प्रयोग हुनेछ।

२. यो संझौता दुवै पक्षबाट हस्ताक्षर भएको मितिदेखि प्रारम्भ हुनेछ।

३. दोश्रो पक्षले संझौतामा उल्लेख भए बमोजिमका कार्यहरु संझौता भएको मितिले ७ दिन भित्र शुरु गर्नु पर्नेछ र ...............................................................................अवधिमा कार्य सम्पन्न गरिसक्नु पर्नेछ।

४. यो सम्झौता बमोजिमका कार्यहरु गर्न दोश्रो पक्षले अन्य कुनै ठेकेदार/सबकन्ट्र्याक्ट मार्फत गराउन पाउने छैन।

५. दोश्रो पक्षको कार्य सुरुवात प्रतिवेदन (Inspection Report) प्राप्त भएपछि कार्यक्रम संचालनको लागि प्रथम पक्षले संझौता बमोजिम उपलब्ध गराउने रकमको बढीमा चालिस प्रतिशतले हुन आउने रकम पहिलो चरणमा भुक्तानी दिइने छ।

६. अन्तिम किस्ता भुक्तानी गर्दा प्रथम पक्षको तर्फबाट कार्य व्यवस्था समिति/तोकिएको उप-समिति वा अनुगमन टोलीले स्थलगत अनुगमन गरी सम्बन्धित सब-डिभिजन वन कार्यालयले गरेको सिफारिसका आधारमा रकम भुक्तानी गर्नेछ।

७. संझौता बमोजिमको रकम भुक्तानीको लागि दोश्रो पक्षले सम्बन्धित प्राविधिकबाट कार्य सम्पन्न प्रतिवेदन प्रमाणित गराई सक्कलै बील भर्पाइ (सम्पादित कार्यस्थलको फोटो समेत) सम्लग्न राखी भुक्तानी माग गर्नुपर्नेछ।

८. डिभिजन वन कार्यालयबाट प्रदत्त अनुदान रकमको कृषक/संघसस्था/फर्म/कम्पनी/समूहले आम्दानी जनाई नियमानुसार लेखा प्रणालीको सिद्धान्त अनुसार लेखा राखी प्रचलित कानुन अनुसार दर्तावाल लेखा परिक्षकबाट लेखापरीक्षण गराउनु पर्नेछ। आर्थिक वर्ष समाप्त भएको २ महिना भित्र १ प्रति लेखापरीक्षण प्रतिवेदन डिभिजन वन कार्यालयमा पेश गर्नु पर्नेछ। यस्तो प्रतिवेदन नदिने संघसंस्था/फर्म/कम्पनी/समूह लाई जुनसुकै प्रकारको अनुदान सहयोगबाट वञ्चित गरिनेछ र त्यस्ता समूह/संस्थालाई नियमन/नवीकरण गर्ने निकायमा आवश्यक कारवाहीका लागि लेखि पठाइने छ।

९. दोश्रो पक्षले आफ्नो क्रियाकलापहरु सञ्चालन तथा कार्यान्वयन गर्दा प्राविधिक प्रस्तावमा उल्लेखित समयसारिणी (Timetable/Work Schedule) अनुसार प्रथम पक्षले तोकिदिएको सम्पर्क व्यक्ति/कार्यालयसँग प्रत्यक्ष सम्पर्कमा रहेर कार्यक्रम

सञ्चालन गर्नुपर्नेछ । प्रथम पक्षले अन्य पदाधिकारी तथा कर्मचारीबाट पनि दोश्रो पक्षद्वारा सञ्चालित कार्यक्रमको गतिविधिहरुको निरन्तर अनुगमन तथा मूल्याङ्कन गर्नेछ ।

१०. यो सम्झौता पत्र र प्रस्तावकले पेश गरेको प्रस्तावना/व्यवशायिक योजनामा उल्लेख भएको समय सारिणी र अनुगमनको क्रममा कामको गुणस्तर लगायतको पक्षमा प्रश्न उठाई दिएको सुझाव अनुसार समयमा सुधार नगरिएमा अनुगमन गर्ने प्राविधिक अनुगमन टोलीको सुझाव अनुसार प्रथम पक्षले सम्झौता रद्द गर्न सक्नेछ । साथै अनुदान रकमको दुरुपयोग गरेको पाइएमा जिम्मेवार पदाधिकारी/व्यक्तिहरुबाट रकम असुली गरी उक्त कार्य गर्ने समूह संस्थालाई कालो सूचिमा समेत राख्न सकिनेछ ।

११. यो सम्झौता डिभिजन वन कार्यालय, मोरङमा दुवै पक्ष बसी भएको हो । यसमा उल्लेख नभएका विषयवस्तुको निर्णय नेपाल/प्रदेश सरकारको नियम कानुनको परिधिभित्र रही दुवै पक्षको सहमति अनुसार हुनेछ ।

१२. दोश्रो पक्षले सम्झौतामा उल्लेखित बुँदा तथा प्रचलित ऐन कानुनको परिधि बाहिर गई कार्य गरे सम्झौता कुनै पनि बेला भंग गरी प्रथम पक्षले कानुनी कारवाहीका लागि सिफारिस गर्न सक्नेछ ।

१३. पर्यटन, वन तथा वातावरण मन्त्रालय, कोशी प्रदेशबाट आ.व. २०८०/०८१ को लागि जारी गरिएको कार्यक्रम सञ्चालन तथा कार्यान्वयन मार्गदर्शन, २०८० तथा वन तथा वातावरण मन्त्रालय, बबरमहल, काठमाण्डौको नमूना कृषि वन कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७७ बमोजिमका व्यवस्थाहरु पालना गर्नुपर्नेछ ।

उपरोक्त शर्तहरुमा मन्जुरी भै दस्तखत गर्ने पदाधिकारी/प्रतिनिधिहरु :

| प्रथम पक्षको तर्फबाट : | दोश्रो पक्षको तर्फबाट : |
|---|---|
| नाम :<br>पद : डिभिजनल वन अधिकृत<br>हस्ताक्षर :<br><br>सम्पर्क व्यक्ति :<br>मोवाईल नं. :<br>कार्यालयको छाप : | नाम :<br>पद :<br>हस्ताक्षर :<br><br>सम्पर्क व्यक्ति :<br>मोवाईल नं. :<br>समुह/संस्थाको छाप : |
| | खाता रहेको बैंकको नाम :<br>शाखा :<br>खाता नं.: |
| साक्षी | |
| नाम :<br>पद :<br>दस्तखत :<br>ठेगाना :<br>मोवाइल नं. : | नाम :<br>पद :<br>दस्तखत :<br>ठेगाना :<br>मोवाइल नं. : |
| नाम :<br>पद :<br>दस्तखत :<br>ठेगाना :<br>मोवाइल नं. : | नाम :<br>पद :<br>दस्तखत :<br>ठेगाना :<br>मोवाइल नं. : |

इति सम्वत २०८० साल ......महिना ........गते रोज.......शुभम् ....